# कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ, रसुवा

प.स (Ref No ) : ०७७/७८
च.नं. ( Dispatch No.) :

बागमती प्रदेश, नेपाल

फोन नं: ०१०-५४२०१८

मिति२०७७/१२/१६

**विषय : विषय विशेषज्ञमा सूचीकृत हुने सम्वन्धमा सूचना**

यस कालिका गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा रिक्त भएका र रिक्त हुने स्वीकृत शिक्षक दरवन्दी, राहत अनुदान कोटा, शिक्षण सिकाइ अनुदान लगायतका अन्य कोटामा नियम अनुसार सेवा करार शिक्षक नियुक्ति गर्दा गठन गरिने शिक्षक छनौट समितिमा विषय विशेषज्ञको रुपमा रही कार्य गर्न इच्छुक देहायको योग्यता पुगेका यस गाउँपालिकामा कार्यरत शिक्षकहरुले निम्नअनुसारको कागजात सहित तोकिएको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कालिका गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

1. विद्यालय सहयोगी ,विद्यालय सहायक वालशिक्षक/सहयोगी कार्यकर्ता छनौट परीक्षामा विषयविज्ञ हुनका लागि कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र कम्तिमा प्राथमिक तहको शिक्षक भएको।
2. प्राथमिक तहको शिक्षक छनौट परीक्षामा विशेषज्ञ हुनका लागि कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी तालिम प्रास गरेको र प्राथमिक तहको शिक्षक भएको।
3. निम्न माध्यमिक तहको शिक्षक छनौट परीक्षामा विशेषज्ञ हुनका लागि सम्वन्धित विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी तालिम प्रास गरेको कम्तिमा निम्न माध्यामिक तहको शिक्षक भएको।
4. माध्यमिक तहको शिक्षक छनौट परीक्षामा विशेषज्ञ हुनका लागि सम्वन्धित विषयमा कम्तिमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी तालिम प्रास गरेको कम्तिमा माध्यमिक तहको शिक्षक भएको।
5. साविक उच्च माध्यमिक तहको शिक्षक छनौट परीक्षामा विशेषज्ञ हुनका लागि सम्वन्धित विषयमा कम्तिमा द्धितीय श्रेणीमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी साविक उच्च माध्यामिक तहमा कम्तिमा २ वर्ष अध्यापन अनुभव भएको सम्वन्धित तहको बाहालवाला शिक्षक भएको।
6. साविक उच्च माध्यमिक, माध्यामिक र आधारभुत तह (६/८) तहको लागि विशेषज्ञ हुन चाहेको विषय समेत खुलाउनु पर्नेछ।
7. जुन तहको विशेषज्ञ हुन चाहेको हो सोही तह उल्लेख गरी आवेदन दिनु पर्नेछ।

<u>आवश्यक कागजातहरु</u>

१.सम्वन्धित तहको न्युनतम शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्ताको प्रमाण पत्रको प्रतिलिपि
२.स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि
३.नियुक्ति पत्रको प्रतिलिपि

माथिल्लो तहमा छनौट हुनेले तल्लो तहको विहेषज्ञ हुन चाहेमा सो व्यहोरा पनि उल्लेख गर्नु पर्नेछ।

नोट : विज्ञको लागि दरखास्त आवेदकले साथमा सूचीकृत हुन चाहेको तह र विषयको एक सेट प्रश्नपत्र शिक्षक सेवा आयोगको नयाँ पाठ्यक्रम अनुसार तयार गरी Hard copy तथा Soft copy शिक्षा युवा तथा खेलकुद शाखामा अनिवार्य पेश गर्नु पर्नेछ। उपस्थित हुन असमर्थ हुनेले kalikagaupalika@gmail.com मा मेल गर्न पनि सकिने छ।

२०७७/१२/१६

कुमारी सरिता जोशी
शिक्षा अधिकृत

कुमारी सरिता जोशी
शिक्षा अधिकृत

मिति: ..................................................

श्री कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय,
धैबुङ,रसुवा

विषय : विषय विज्ञका रुपमा सूचिकृत गरि दिनु हुन।

प्रस्तुत विषयमा यस यस कालिका गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा रिक्त भएका र रिक्त हुने स्वीकृत शिक्षक दरवन्दी, राहत अनुदान कोटा, शिक्षण सिकाइ अनुदान लगायत अन्य कोटामा नियम अनुसार सेवा करारमा शिक्षक नियुक्ति गर्दा गठन गरिने शिक्षक छनौट समितिमा विषय विशेषज्ञको रुपमा रही कार्य गर्ने प्रयोजनको लागि विषय विज्ञको सूचिमा मेरो नाम सूचीकृत गरि दिनु हुन आफ्नो सत्य तथ्य विवरण खुलाई आवश्यक कागजात संलग्न गरी निवेलन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

नाम थर:
स्थायी ठेगाना : जिल्लाः गाउँपालिका/नगरपालिका वडा नं.
हालको ठेगाना प्रदेश : जिल्लाः गाउँपालिका/नगरपालिका वडा नं.

स्थायी नियुक्तिः सुरुको नियुक्ति मिति : तहः विषयः
शैक्षिक योग्यता : सङ्कायः मुल विषयः उत्तीर्ण प्रतिशतः
शिक्षण अनुभव : शिक्षण गरेको विषयः
हाल कार्यरत विद्यालयको नाम र ठेगाना :
विषय विज्ञको रुपमा काम गर्न चाहेको तहः क. ख. ग.

माथि उल्लेख गरेको व्यहोरा र पेश गरेको कागजात ठीक र साचो हो फरक परेमा कानुन अनुसार सहुँला बुझाउला।

आवेदकको नाम थर :
सम्पर्क नम्वर :
दस्तखत :
मिति :
e-mail ठेगानाः-